# कुशे गाउँपालिको स्थानीय सेवा ऐन २०७५,

*( गाँउ सभाबाट पारित मिति: २०७५।०१।२७)*
*(गाउँ सभाबाट प्रमाणिकरण मिति: २०७५।०१।२७)*
*(प्रकाशित मिति: २०७५ श्रावण २१ सोमबार)*

**प्रस्तावना**

स्थानीय सरकारको रुपमा रहेको गाउँपालिका र नगरपालिकाहरुले संविधानले प्राप्त अधिकारहरुको प्रभाकारी कायान्वयन गरी जनतामा समृद्धि ल्याउन स्थानीय सेवा गठन गरी स्थानीय सेवालाई सक्षम, सुदृढ, सेवामुलक र उत्तरदायी बनाउन बान्छनीय भएकोले नेपालको संविधानको धारा ५७ को उपधारा ४ तथा अनुसूचि ८ बुदा नं ५ र संघीय कानुन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (ङ) र सोही ऐनको दफा १०२ बमोजिम स्थानीय तहको काम गर्ने जनशक्तिको प्रभावकारी व्यवस्थापन र सञ्चालन गर्ने हेतुले यस कुशे गाउँपालिकाले स्थानीय सेवा ऐन २०७५ तर्जुमा गरिएको छ ।

## परिच्छेद एक
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(१) एस ऐनको नाम स्थानीय सेवा ऐन २०७५ रहेको छ ।
(२) यो ऐन कुशे गाउपालिकाभर लागु हुनेछ ।
(३) यो ऐन स्थानीय रानपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नालागेमा यस ऐनमा ,

(क) ऐन भन्नले कुशे गाउँपालिकाको स्थानीय सेवा ऐनलाई सम्झनु पर्दछ ।
(ख) कर्यपालिका भन्ननले कुशे गाउपालिकाको कार्यपालिकालाई समझनु पर्छ ।
(ग) गाउँपालिका भन्नाले कुशे गाउँपालिकालाई सम्झनु पर्दछ ।
(घ) पर्व भत्ता भन्नाले वर्षको १२ महिनमा थाप १ महिना वारावरको न्युनतम स्केल बराबरको तलव रकम ( सामान्य अवस्थामा दशैको महिनामा ) लाई वुझाउछ ।
(ङ) गाउँ सभा भन्नले कुशे गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।



CamScanner

## परिच्छेद-२
## स्थानीय सेवा सम्वन्धी व्यवस्था

**३. स्थानीय सेवाको गठन** : गाउँपालिकाले देहाय अनुसारको स्थानीय सेवाहरुको गठन गर्न सक्नेछ।

(१) प्रशासन सेवा : प्रशासन, लेखा, सामाजिक सेवा, कानुन सेवा,

(२) प्राविधिक सेवा : इन्जिनियरीगं कृषि, मेडिकल, अमिन ,

(३) विविध सेवा : सिपयुक्त कार्य (आयटी, वातावरण, तथ्याकं, कम्प्युटर ) पालिका प्रहरी,

(४) शिक्षक सेवा : वाल विकास केन्द्र, प्रथामिक र माध्यामिक तहका शिक्षकहरु,

(५) स्वस्थ्य सेवा : डाक्टर, नर्स, हे .अ., अ.न.मि. फार्मेसी, ल्याव, आयुर्वेद, अन्य ।

प्रशासन प्राविधिक र विविध सेवाका कर्मचारीहरुलाई एक अर्को सेवाको कार्यक्षत्रमा जिम्मेवारी निश्चित अवधिका लागि तोक्न सक्नेछ ।

**४.स्थानीय सेवाको तह र पद** : स्थानीय सेवामा देहाय वमोजिम पद र श्रेणिहरु रहनेछन् ।

| तह | पदनाम |
|---|---|
| ९ | प्रमुख प्रशासकीय अधिकृत |
| ८ | प्रमुख प्रशासकीय अधिकृत तथा निर्देशक, प्रवन्धक |
| ७ | विषयगत अधिकृत (प्राविधिक) वरिष्ठ अधिकृत |
| ६ | अधिकृत, कार्यक्रम अधिकृत |
| ५ | सहायक अधिकृत |
| ४ | प्रमुख सहायक, प्राविधिक सहायक |
| ३ | कार्यक्रम सहायक, विषयगत सहायक |
| २ | सहयोगी, फिल्ड असिस्टेन्ट |
| १ | श्रेणि विहिन कार्यालय सहयोगी |

दफा (४) मा उल्लेखित तह, पद र श्रेणिहरु गाउँपालिकाको आवश्यक्ताको आधारमा गा कार्यपालिकाले कार्यविधि वनाई संख्या निर्धारण गर्न सक्नेछ ।



CamScanner

**५. कार्य विवरण :**

(१) कार्य विवरण तर्जुमा गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहने कार्यदलले सम्वन्धित पदनामको कार्यविवरण तर्जुमा गर्ने र त्यसको अनुमोदन कार्यपालिकावाट गर्ने ।

(२) स्वीकृत दरवनदी अनुसारका सबै पदहरुको कार्यविवरण अनिवार्य तर्जुमा गर्ने र एक एक वर्षमा पुनरावलोकन गर्ने ।

**६. दरवन्दी निर्धारण :**

(१) गाउँपालिकालाई आवश्यक पर्ने कर्मचारीको दरवन्दी गाउँकार्यपालिकाले तर्जुमा गरी स्वीकृतिका लागि गाउँ शभामा पेस गर्नु पर्ने छ ।

(२) दरवन्दीको पुनरावलोकन कम्तिमा १ पटक वा आवश्यक्ता अनुसार पूनरावलोकन गर्न सक्नेछ ।

(३) दरवन्दी निर्धारण गर्दा स्रोतको सम्भाब्यता र आधारलाई लेखाजोखा गरी गर्नु पर्नेछ ।

(४) स्रोतको सम्भाब्यता गणना गर्दा कुल समानीकरण अनुदानको एक तिहाई भन्दा नवढ्ने गरी प्रशासनीक खर्च निर्धारण गरीनु पर्ने ।

**७. सेवाको प्रकृति र समयावधी** : स्थानीय सेवाको प्रकृति र समयावधी देहाय अनुसार हुनेछ ।

(१) स्थायी सेवा : यस गाउँपालिकाको स्थायी सेवा अवधि अधिकतम सेवा २० वर्ष सम्मा रहनेछ । भर्ना भएपछि ५ बर्ष सम्मा सेवा छोड्ना पाईनेछैन । सेवा छोडेमा निजले अन्य कुनै सेवा सुविधा प्राप्त गर्नेछैन ।

(२) करार : करारको प्रकृति २ किसिमको हुनेछ : व्यक्ति करार र सेवा करार । व्यक्ति करारमा कुनै १ व्यक्तिलाई निर्धारत अवधिका लागि छनौट गरि भर्न गरिनेछ । सेवा करारमा व्यक्ति संस्था वा समूहलाई समग्र कार्य वा सेवा सिमा निर्धारण गरी करार गरिनेछ ।

(३) दुवै प्रकारका करारमा अधिकतम २ वर्षको लागि मात्र वन्दोवस्त गर्न सकिनेछ । सो भन्दा वढि अवधिका लागि सेवा लिनु पर्ने अवस्थामा नयाँ छनौट प्रक्रिया अघि वढाउनु पर्नेछ , त्यस अवस्थामा साविक करारवालाको कार्य सम्पादन सन्तोषजनक भएमा निजलाई प्रथामिक्तामा राख्ने गरी छनौट विधि तय गर्न सकिनेछ ।

## परिच्छेद ३
## स्थानीय सेवाको पदपुर्ति सम्वन्धि व्यवस्था

**८. पदपुर्ति सम्वन्धि व्यवस्था :**

(१) स्थायी कर्मचारीको लागि स्वीकृत दरवन्दीमा स्थायी पदपुर्ती गरी पठाइदिन स्थानीय तहले प्रदेश लोकसेवा आयोगमा माग गर्ने ।

(२) उपदफा (१) बमोजिम प्रदेश लोकसेवाले छनौट गरी पठाएको उम्मेद्वारलाई गाउँपालिकाले नियुक्ति दिई काममा लगाउने ।

(३) करारमा कर्मचारी नियुक्ति गर्नु परेमा देहाय बमोजिमको कर्मचारी छनौट समिति गठन गरी तोकिएको मापदण्ड बमोजिम खुला प्रीतस्पर्धा मार्फत छनौट गर्नु पर्नेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत संयोजक

(ख) कार्यपालिका वा कार्यपालिकका अध्यक्षले तोकेका दुईजन अधिकृत सदस्य

(४) उपदफा (३) वमोजिमाको समितिले करारमा कर्मचारी आवश्यक्ता सम्वन्धि सुचना जारी गर्दा करारको प्रकृति र सेवा सुविधा सहितको सूचना सार्वजानिक रुपमा प्रकाशन गर्नुपर्नेछ ।

(५) करार सेवामा कर्मचारी छनौट सम्वन्धी अन्य कार्यविधि गाउँकार्यपालिकाले तोके वमोजिम हुनेछ ।

## ९. कार्यसम्पादन करार सम्झौता गर्नु पर्ने :

(१) गाउँकार्य पालिकाले आफ्नो सेवा प्रवाहलाई प्रभावकारीता वनाउन प्रत्यक वर्षको अपेक्षित नातिजा वार्षिक वा आवाधिक रुपमा देहाय अनुसार कार्यसम्पादन करार गरी कार्यान्वयन गर्नेछ ।

(२) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाका अध्यक्षसाँग कार्यसम्पादन करार गर्नु पर्नेछ । यस्तो करार सम्झौता उपाध्यक्ष र कार्यपाकिकाका सदस्यहरुको रोहवरमा हुनेछ ।

(३) गाउँपालिकाका विषयगत शाखा हेर्ने अधिकृत वा प्रमुखले अध्यक्ष र विषयगत समितिको संयोजकको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतसंग कार्य सम्पादन करार गर्नु पर्ने ।

(४) विषयगत शाखा अधिकृत वा प्रमुखले आफ्ना मातहतका कर्मचारीसंग समेत कार्य सम्पादन करार सम्झौता गर्न सक्नेछ ।

(५) कार्यसम्पादन करार सम्झौताले वर्षभरीमा वा निस्चित अवधि भरमा गरिने काम र सोवाट प्राप्त हुने नतिजा समेतलाई सूचकको रुपमा उल्लेख गर्नुपर्नेछ ।

(६) कार्यसम्पादन करार सम्झौता अवधि एक वर्ष वा निस्चित अवधि तोकेर गर्न सकिनेछ । करार सम्झौता अनुसार काम भए नाभएको मुल्याकंन प्रमुख प्रशासकीय अधिकृतको हकमा कार्यपालिकाले आफै वा विज्ञहरुको सहयोगमा गर्ने र अन्य कर्माचारीको हकमा प्रमुख प्रशासकीय अधिकृतले तयार गरी कार्यपालिकाले अनुमोदन गर्ने ।



CamScanner

**१०. समावेशि अवधारण अवलम्वन गर्नुपर्ने :**

स्थायी भर्ना प्रक्रियामा संघीय कानुन अनुसार सामावेशिता अपनाउनुपर्नेछ । भने करारमा कर्मचारी भर्ना गर्ने प्रक्रियामा छनौट नतिजामा समान अंक प्राप्त भएको अवस्थामा समावेशीतालाई प्राथमिक्ता दिनुपर्नेछ ।

**११. सपथ ग्रहण :**

सवै तह र प्रकृतिका कर्मचारीले काम काज शुरु गनु अघि गाउँपालिकाका अध्यक्ष समक्ष सपथ ग्रहण गर्नुपर्नेछ ।

## परीच्छेद: ४
## सेवा प्रवेशको तह र योग्यता

**१२. स्थानीय सेवामा प्रवेशको तह न्यूनतम योग्यता :**

स्थानीय सेवामा प्रवेशको तह र न्युनतम शैक्षिक योग्यता तथा अनुभव देहाय वमोजिम हुनेछ ।

| तह तथा पद | शैक्षिक योग्यता |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | स्नातकोत्तर पास |
| विषयगत अधिकृत (प्रा.), वरिष्ठ, अधिकृत, | स्नातक पास |
| अधिकृत, कार्यक्रम अधिकृत | स्नातक वा सो सरह पास |
| योजना तथा कार्यक्रम अनुगमन अधिकृत | स्नातक पास |
| प्रमुख सहायक, प्राविधिक सहायक | स्नातक पास |
| कार्यक्रम सहायक, विषयगत सहायक | प्रविणता प्रमाण पत्र तह पास वा सो सरह |
| सहयोगि, फिल्ड असिस्टेन्ट | प्रवेशिका पास |
| कार्यालय सहयोगी | प्रवेशिका पास |

दफा (१२) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय सेवा प्रवेशको तह र शैक्षिक योग्यता तथा अनुभव सम्वन्धी व्यवस्था कार्यविधिले तोके वमोजिम हुनेछ ।



CamScanner

**१३. स्थानीय सेवा प्रवेशको तह :**

स्थानीय सेवा प्रवेशको तह देहाय वमोजिम हुनेछ ।

(क) स्थायी : तह ३ र तह ६ मा मात्र खुल्लावाट सेवा प्रवेश हुनेछ । आवेदनका लागि ऐन वमोजिमको आवश्यक शैक्षिक योग्ता र अनुभव अनिवार्य मानिनेछ ।

(ख) तह ३ को लागि १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको (महिला तथा अपांग हकमा ४० वर्ष ) र तह ६को लागि १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको महिला तथा अपांगको हकमा सोहि वमोजिम हुनेछ ।

(ग) करार : आवश्यक्ता अनुसार सवै तहहरुमा भर्ना गर्न सकिने । करार पदको उमेरको दवन्दी नदाग्ने ।

(घ) उपदफा (क) र (ख) मा जुनसुकै कुरा उल्लेख भएपनि विगत गाउँपरिषदवाट गाउँविकास समिपतमा हस्तान्तरण भई आयका कार्यक्रमहरुको लागि जस्तै (स्थानीय विकास कोष सहित ) दरवन्दी सिर्जना भई हाल सम्मा निरन्तर रुपमा गाउँविकास समिति हुँदै गाउँपालिकाका विभिन्ना पदमा कार्यरत करार कर्माचारीलाई योग्यता अनुसार यस गाउँपाकिले स्थाइ पदको लागि खोलेको जुनसुकै विज्ञापनमा प्रतिस्पर्धा गर्न उमेरको हद लाग्ने छैन ।

**१४. सेवा सुविधा :**

यस सेवा अन्तर्गत कार्यरत कर्मचारीहरुको लागि उपदफा (१) र (२) वमोजिमको सेवा सुविधा उपलब्ध गराईनेछ ।

(१) स्थायी कर्माचारी : नेपाल सरकारले तोके वमोजिमको न्यनतम तलव भत्ता ,स्वास्थ्य विमा , सञ्चय कोष , उपदान, र पोशाक ।

(२) व्यक्ति करार : तलव ,स्वस्थ्य विमा , कार्यसम्पादन प्रोत्साहन , पर्व भत्ता तथा पोषक

(३) सेवा करार : एकमुष्ट पारिश्रमिक वा सेवा शुल्क

(४) व्यक्ति करार र सेवा करारको लागि तलव स्केल गाउँकार्यपालिकाले तोकेवमोजिम हुनेछ ।

**१५. उपदान :**

५ वर्ष सम्मा सेवा गरेपछि मात्र उपदान दिइनेछ, उपदानको रकम प्रति सेवा वर्ष १० वर्ष सम्मको लागि एक महिनाको तलव वरावरको रकम, ११ देखि १५ वर्ष सम्माको सेवाको लागि डेढ महिनाको रकम, १५ देखि २० वर्ष सम्माको सेवाको लागि दुई महिनाको तलव वरावरको रकम उपदानको लागि उपलब्ध गराइनेछ ।

**१६. विदा :** कर्माचारीको लागि देहाय वमोजिमको विदा रहनेछन्,

(क) घर विदा वर्ष भरिमा १८ दिन
(ख) विरामि विदा वर्ष भरिमा १२ दिन
(ग) भैपरी आउने विदा वर्ष भरिमा १२ दिन
(घ) सुत्केरी विदा, सुत्केरी भएको अघि र पछि गरी सुत्केरी अवधिभरमा ६० दिन
(ङ) सुत्केरी स्याहार विदा १५ दिन
(च) क्रिया विदा १५ दिन

अन्य विशेष विदाहरु प्रचलित कानुनले तोके वमोजिम हेनेछ लिना पाईनेछ । तर यस गाउँपालिकामा कार्यरत सवै तह तथा प्रकारका कर्मचारीले विदालाई अधिकारका रुपमा प्रयोग नगरी सहुलियतको रुपमा प्रयोग गर्नु पर्नेछ ।

**१७. अध्ययन तलिम वा अवलोकन भ्रमाण :**

(क) कर्मचारीहरुको वृत्ति विकास , अध्ययन , तालिम र वाह्य अवलोकन भ्रमाणमा छनोट प्रक्रिया न्यायोचित र पारदर्शी हुनुपर्नेछ ।

(ख) विदेशका तालिम अध्ययनहरुमा अधिकृत स्तरका कर्मचारीहरु र स्वदेशका अवसरहरुमा सवै प्रकारका कर्मचारीहरुलाई प्राथामिक्तामा राख्नुपर्नेछ ।

## परिच्छद ५
## कार्यसम्पादन मूल्यांकन, सरुवा, वढुवा सम्बन्धी व्यवस्था

**१८. वढुवा :**

(१) स्थायी कर्मचारीको हकमा तोकिएको शैक्षिक योग्यता पुरा भई कार्यरत पदमा ८ वर्ष सेवा गरेको अवस्थामा १ तह वढुवा हुनेछ तर करारको हकमा वढुवा हुनेछैन ।

(२) लगातार ५ वर्षको गणनामा ९० प्रतिसत भन्दा वढी का. स. मु. को नम्बर प्राप्त गर्ने कर्मचारीलाई ६ वर्ष पुगेपछि १ तह बढुवा गर्न सक्नेछ ।

**१९. कार्य सम्पादन मुल्याकंन :**

स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको नियमित कार्यसम्पादन मुल्याकंन गर्नु पर्नेछ ।

(१) कर्मचारीको वार्षिक कार्यसम्पादन मुल्याकंन वर्षमा १ पटक गरी तोकिएको निकायहरुमा त्यसको अभिलेख गर्नुपर्नेछ । कार्यसम्पादन मूल्याकंन गर्न कार्यविधिमा तोकिएवमोजिमको कार्यसम्पादन फारम प्रयोग गरिनेछ ।

(२) कार्य सम्पादन मूल्याकंनको कुल अंकको विभाजन देहाय वमोजिम हुनेछ :

(क) सुपरिवेक्षकले दिन सक्ने अधिकतम साठ्ठी प्रतिसत
(ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम पच्चिस प्रतिसत
(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम पन्ध्र प्रतिसत



CamScanner

(३) सुपरीवेक्षक, पुनरावलोकनकर्ता, पुनरावलोकन समितिले स्थानीय सेवाका कर्मचारीहरुको कार्य सम्पादन बापत अंक दिदा यस दफा र कार्य सम्पादन मुल्यांकन फारममा उल्लिखित आधार अनुरुप दिनुपर्नेछ ।

(३) अघिल्लो वर्षको कार्य स्पादन मुल्यांकन नयाँ आर्थिक वर्षको पहिले महिनामा गरिसक्नु पर्नेछ ।

(४) करारको हकमा कार्यसम्पादन मूल्यांकनमा वार्षिक ८० प्रतिसत अंक ल्याउने कर्माचारीका लागी तलव स्केलको १५ प्रतिशत सम्मा प्रोत्साहन भत्ता दिन सनिछ ।

२०. **सरुवा :** गाउँपालिकाले कर्मचारीको दरवन्दी अनुसार आफ्नो क्षत्र भित्र निष्चित मापदण्ड वनाई सरुवा गर्न सक्नेछ । सरुवाको अधिकार प्रमुख प्रशासकीय अधिकृतमा निहित रहनेछ ।

## परिच्छेद ६

## प्रमुख प्रशासकीय अधिकृत सम्वन्धी व्यवस्था

२१. **प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति :**

(१) गाउँपालिकाले कार्यक्षामताको आधारमा करारमा नियुक्त गर्न सक्नेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतको नियुक्तिका लागि एक सिफारिस छनौट समिति देहाय वमोजिम रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष — संयोजक

(ख) गाउपालिका उपाध्यक्ष — सदस्य

(ग) जिल्ला समन्वय अधिकारीले तोकेको अधिकृत कर्मचारी — सदस्य

२२. **योग्यता र अनुभव** : प्रमुख प्रशासकीय अधिकृतको लागि न्युनतम योग्यता नेपालमा मान्यता प्राप्त विश्व द्यालय वाट स्नातकोत्तर गरी प्रशासनिक कार्यमा ५ वर्षको अनुभव भएको नेपालि नागरीक हुनु पर्नेछ ।

२३. **छनौट विधि :** प्रमुख प्रशासकीउय अधिकृतको छनौटको लगि आवश्यक योग्यता, क्षमता, सेवा सूविधा र सेवाका प्रकार सहित आवेदान दिन निश्चित अवधि तोकि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

२४. **कार्यअवधि :** वढिमा ४ वर्षका लागि प्रमुख प्रशासकीय अधिकृतको रुपमा करारमा भर्ना गर्न सकिनेछ । म्याद समाप्त भएको मितिले थप ६ महिना म्याद थप्न सकिनेछ ।

**२५. सेवा सुविधा र कार्यविवरण :** प्रमुख प्रशासकीय अधिकृतको सेवा सुविधा स्थानीय कार्यपालिकाले निर्धारण गर्ने र कार्य विवरण संघीय कानुन र गाउँ कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

## परिच्छेद : ७
## संक्रमणकालीन अवस्था

**२६. संक्रमणकालिन व्यवस्था :**

(१) गाउँपालिकाले निर्धारण गरेको दरवन्दीमा नेपाल सरकारवाट खटि आएका कर्मचारीहरुलाई समायोजन गर्नुपर्नेछ ।

(२) निर्धारित दरवन्दीमा कोही नआएको खण्डमा कार्यपालिकाले न्युनतम ६ महिनाका लागी करारमा भर्न गर्न सक्नेछ । निर्धारित दरवन्दी अनुसारका आवश्यक कर्मचारी नेपाल सरकारले पठाउन नसक्ने भनी लेखि पठाएमा सो पदमा व्यक्ति करारको व्यवस्था अनुसार भर्ना गर्न सकिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति यस ऐन वमोजिम नहुन्जेल सम्माका लागि नेपाल सरकारवाट खटिई आएका कर्मचारीवाट कामकाज गर्ने गराउनु पर्नेछ ।

## परिच्छेद : ८
## विविध

**२७. जिम्मेवारी नदिई राख्न नहुने :**

स्थायी र करारमा रहेका कर्मचरीलाई कुनै शाखा , एकाई वा वाडा कार्यलयहरुमा काममा लगाउनु पर्नेछ । यसको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ । कर्मचारीलाई जिम्मेवारी नदिई राख्न हुदैन ।

**२८. सम्पति विविरण दर्ता गर्नुपर्ने :**

आफ्नो एकाघरका परिवारका सदस्यहरुको नाममा रहेको सम्पति विवरण गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ । सो विवरण वार्षिक रुपमा अध्यावधिक गर्नुपर्नेछ ।

**२९. राजनीति र निजि व्यापरमा भाग लिन नहुने :**

यस सेवामा कार्यरत कर्मचारी कुनैपनि राजनीतिक दल वा भातृ संगठनको सदस्य हुन पाईनेछैन, यस ऐन विपरित सदस्यता लिएको पाईएमा कार्य सम्पादन मुल्यांकन रोक्का गर्न सकिनेछ । स्थायी कर्मचारीले कुनै ब्यापारीक फर्म वा प्राईभेट लिमिटेडको प्रमोटेड सेयर होल्डर बन्न पाइनेछैन ।



CamScanner

**३०.पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानुन वमोजिम पुनरावे लाग्नेछ ।

**३१. नियम वनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यन्वयन गर्न गउँपालिकाले आवश्यक नियम वनाउन सक्नेछ।

**३२. वाधा अड्काउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यन्वयन गर्न कुनै वाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो वाधा अड्काउ हटाउने आदेश जारी गर्न सक्नेछ । यस्तो आदेश गाउँसभावाट ६ महिनाभित्र अनुमोदन नगरेमा स्वत विष्क्रिय हुनेछ।

**३३. वचाउ र लागु नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही वमोजिम नलेखिएको कुरामा प्रचलित कानुन वमोजिम हुनेछ ।

(२) यो ऐन, दफा तथा यसका उपदफा संविधान संग वाभिएको हद सम्मा स्वत निष्क्रि हुनेछ ।



CamScanner